# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, फाल्गुन २८ गते २०३० साल [संख्या ४७

श्री ५ को सरकार

बन मन्त्रालयको

सूचना

### राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

#### परिच्छेद–१

#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०" रहेको छ ।

(१) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालयको प्रमुख अधिकृत सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "संरक्षक (वार्डेन)" भन्नाले राष्ट्रिय निकुञ्ज वा आरक्षको प्रशासनको मुख्य अभिभारा भएको श्री ५ को सरकारको अधिकृत सम्झनु पर्छ ।

(घ) "अनुज्ञापत्र (लाइसेन्स)" भन्नाले यस नियमावलीबमोजिम प्रदान गरिने कुनै किसिमको अनुज्ञापत्र (लाइसेन्स) सम्झनु पर्छ ।

(ङ) "इजाजतपत्र (पर्मिट)" भन्नाले यस नियमावलीबमोजिम प्रदान गरिने कुनै किसिमको इजाजतपत्र (पर्मिट) सम्झनु पर्छ ।

## परिच्छेद–२

## राष्ट्रिय निकुञ्ज तथा आरक्षसम्बन्धी व्यवस्था

३. निकुञ्ज वा आरक्षभित्र संचालन गरिने सेवाः– (१) ऐनको दफा ६ बमोजिमको कुनै सेवा वा सुविधा श्री ५ को सरकारले कसैबाट संचालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधासम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा संचालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्डटेण्डर दिनको लागि कम्तिमा पैंतीस दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नु पर्छ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नु पर्ने कार्यालय वा अधिकृत र टेण्डर खोलिने समय समेत तोक्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरू रीतपूर्वकको नभए वा संतोष प्रद नभएको भन्ने श्री ५ को सरकारलाई लागेमा अर्को टेण्डर माग गर्नको लागि पुनः सूचना प्रकाशित गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पेश भएको टेण्डरमध्ये श्री ५ को सरकार-लाई सबैभन्दा बढी राजस्व (र्‍वायल्टी) कबूल गर्नेको टेण्डर स्वीकार गर्नु पर्छ ।

तर कुनै खास अवस्थामा कम्ती राजस्व (र्‍वायल्टी) कबूल गर्नेको टेण्डर पनि स्वीकार गर्न सकिनेछ र त्यस्तोमा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नु पर्छ ।

(४) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कुनै सेवा वा सुविधा संचालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा संचालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी श्री ५ को सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

४. संनियमित प्राकृतिक आरक्षमा प्रवेशः– (१) काजमा खटिएका सरकारी कर्मचारी बाहेक अन्य कुनै व्यक्तिले प्रमुखको लिखित अनुमति प्राप्त नगरी संनियमित प्राकृतिक आरक्षमा प्रवेश गर्न पाउने छैन र साधारणतया त्यस्तो इजाजतपत्र (पर्मिट) वैज्ञानिक अनुसन्धानको लागि मात्र दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नुपर्ने शर्त र त्यस्तो इजाजतपत्र बहाल रहने अवधि सोही इजाजतपत्रमा तोकिएबमोजिमको हुनेछ ।

## परिच्छेद–३
## शिकारसम्बन्धी व्यवस्था

५. शिकार गर्न नहुने:– कुनै व्यक्तिले अनुज्ञापत्र (लाइसेन्स) प्राप्त गरेर पनि देहायका अवस्थामा कुनै वन्यजन्तु वा पन्छीहरूको शिकार गर्न हुँदैन:–

(क) गर्भिणी वा कलिलो बच्चा साथमा रहेको पोथी भएमा,
(ख) शिकार बन्द समयमा,
(ग) रातको समयमा ।

स्पष्टिकरण:– यस नियमको प्रयोजनको लागि "रातको समय" भन्नाले सूर्यास्तको आधा घण्टा पछिदेखि सूर्योदय हुनुभन्दा आधा घण्टा अगाडिसम्मको समयलाई जनाउँछ ।

६. शिकार गर्न निषेध गरिएको तरीकाहरू:– (१) प्रमुखको लिखित आदेश नभई कुनै पनि व्यक्तिले देहायको तरीकाबाट वन्यजन्तु वा पन्छीको शिकार गर्न हुँदैन:–

(क) पानी पिउने घाट वा नून वा माटो चाट्ने वा आहाल बस्ने ठाउँमा ढुकेर,
(ख) कुनै किसिमको दर्जन, दामल, जाल, धराप, खोर वा पासो थापेर,
(ग) विष वा लट्ठाउने औषधि खुवाएर,
(घ) विषयुक्त हातहतियार प्रयोग गरेर,
(ङ) पात बजाएर वा कृत्रिम बोलीले बोलाएर वा कुनै किसिमको बाजा वा टेप-रेकर्ड बजाएर,
(च) गुँड वा मादमा ढुकी बसेर,
(छ) राँको वा बत्तीहरू देखाएर,
(ज) मचान वा जनावर झुक्याउने गरी लुक्ने ठाउँ बनाएर,
(झ) मोटरकार, जीप, ट्रक, गाडा, ट्याक्टर, हवाई जहाज, हेलिकोप्टरमा चढेर,
(ञ) शिकार गर्ने उद्देश्यले कुनै किसिमको घाँसमा वा जंगलमा आगो लगाएर,
(ट) कुनै वन्यजन्तुको शिकारमा कुकुरको मदत लिएर र पन्छीको शिकारको हकमा घर पालुवा चराको मद्दत लिएर ।

(२) बौलाएको हात्ती वा मान्छे खाने (म्यानइटर) बाघ वा चितुवालाई मार्नुपर्दा उपनियम (१) को खण्ड (ञ) बाहेक अन्य कुनै तरिका अपनाउन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. शिकार गर्दा प्रयोगमा ल्याउन नहुने हातहतियार र खरखजाना:– देहायबमोजिम शिकार गर्दा देहायको हातहतियार र खरखजाना प्रयोग गर्न पाइने छैन:–

(क) सबै किसिमको शिकार गर्दा:–

(१) स्वचालित (अटोमेटिक) राइफल वा एक चोटी ट्रीगर तान्दा एक–भन्दा बढी गोली एकै पटक जाने जुनसुकै किसिमको हतियार,

(२) विषयुक्त पदार्थ वा बम पड्कने खरखजाना,

(३) साइलेन्सर जडान भएको बन्दूक ।

(ख) चौघडा र सो सरहको जन्तु वा पन्छीहरू बाहेक अन्य वन्यजन्तुको शिकार गर्दा:-

(१) २२ बोर रिम फायर राइफल,

(२) हवाई बन्दूक (एअरगन) वा कार्बोन डाई अक्साइड बन्दूक,

(३) सबै किसिमको पेस्तोल वा रिभल्वर,

(ग) लगुना, रातो मृग, घोरल, बनेल र पन्छीहरू बाहेक अन्य कुनै किसिमका वन्यजन्तुको शिकार गर्दा:–

(१) जुनसुकै किसिमको छर्रावाल बन्दूक (शटगन),

(२) भरूवा बन्दूक,

(३) २२२ बोरभन्दा सानो बोर वा सोभन्दा कम शक्तिको राइफल ।

## परिच्छेद–४

## शिकार अनुज्ञापत्र (लाइसेन्स) र अन्य इजाजतपत्र (परमिट) सम्बन्धी व्यवस्था

८. शिकार अनुज्ञापत्र (लाइसेन्स) का किसिमहरू:– शिकार अनुज्ञापत्र देहायबमोजिम चार किसिमका हुनेछन्:–

(क) जिल्ला शिकार अनुज्ञापत्र,

(ख) सामान्य शिकार अनुज्ञापत्र,

(ग) पूरक शिकार अनुज्ञापत्र,

(घ) पन्छी शिकार अनुज्ञापत्र ।

९. जिल्ला शिकार अनुज्ञापत्र (लाइसेन्स):– (१) जिल्ला शिकार अनुज्ञापत्र नेपाली नागरिक–लाई मात्र दिन सकिनेछ । सो अनुज्ञापत्र चौध दिनसम्म बहाल रहने गरी प्रधान वन कार्यालय भएकोमा प्रधान वन कार्यालयको वा डिभिजन वन कार्यालय भएको जिल्लामा सोही कार्यालयका प्रमुखले र त्यस्तो प्रधान वन का लिय वा डिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्र नपर्ने ठाउँमा प्रमुख जिल्ला अधिकारीले दिन सक्नेछ र त्यस्तो अनुज्ञापत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा तोकिएको इलाकामा देहायका वन्यजन्तुमध्ये चौघडा बाहेक जम्मा चारवटामा नबढाई र पन्छीमध्ये जम्मा दशवटामा नबढाई शिकार गर्न पाउनेछ ।

| वन्यजन्तु | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तुको अधिकतम संख्या |
|---|---|
| (क) रातो मृग | १ |
| (ख) चित्तल | १ |
| (ग) बनेल | २ |
| (घ) घोरल | २ |
| (ङ) चौघडा | ३ |

| पन्छीहरू | शिकार गर्न पाइने प्रत्येक पन्छीको अधिकतम संख्या |
|---|---|
| (क) मुजूर | २ |
| (ख) कालिज | ३ |
| (ग) लुइँचे | १० |
| (घ) तित्रा, च्याखुरा | १० |
| (ङ) पानी हाँस | १० |

तर कुनै पनि दिनमा तीनवटाभन्दा बढी पन्छीहरू मार्न पाइने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला शिकार अनुज्ञापत्र एकै व्यक्तिलाई एक वर्षमा एक पटकभन्दा बढी दिइने छैन र त्यसको म्यादभित्र शिकार गरे पनि नगरे पनि सो अनुज्ञापत्रको म्याद थप हुने छैन ।

१०. सामान्य शिकार अनुज्ञापत्र (लाइसेन्स):– सामान्य शिकार अनुज्ञापत्र नेपाली र विदेशी नागरिकलाई एक्काईस दिनसम्म बहाल रहने गरी दिन सकिनेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा लेखिएको जिल्ला वा क्षेत्रमा देहायको वन्यजन्तुहरूमध्ये चौघडा बाहेक जम्मा छवटामा नबढाई र पन्छीहरूमध्ये जम्मा वीसवटामा नबढाई शिकार गर्न पाउनेछ:–

| (क) वन्यजन्तुको नाम | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तुको अधिकतम संख्या |
|---|---|
| (१) झारल | १ |
| (२) थार | १ |
| (३) घोरल | १ |
| (४) रातो मृग | २ |
| (५) चित्तल | २ |
| (६) लगुना | १ |
| (७) घोड गदहा | १ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (८) बनेल | २ |
| (९) चौघडा | ५ |

| (ख) पन्छीहरूको नाम | शिकार गर्न पाइने प्रत्येक पन्छीको अधिकतम संख्या |
|---|---|
| (१) मुजूर | २ |
| (२) कालिज | ६ |
| (३) लुइँचे | २० |
| (४) च्याखुरा, तित्रा | २० |
| (५) पानी हाँस र चखेवा | २० |
| (६) ढुकुर, परेवा, हलेसो | २० |
| (७) बट्टाई | २० |
| (८) चाहा | २० |

तर कुनै पनि दिनमा चाहा र बट्टाई बाहेक अन्य पन्छीहरू पाँचभन्दा बढी मार्न पाइने छैन चाहा र बट्टाइँको हकमा एक दिनमा दशवटासम्म शिकार गर्न सकिनेछ ।

११. पूरक शिकार अनुज्ञापत्र (लाइसेन्स):– सामान्य शिकार अनुज्ञापत्र (लाइसेन्स) प्राप्त व्यक्तिलाई सो अनुज्ञापत्रको म्यादमा थप नौ दिनसम्म बढाई शिकार गर्ने गरी अनुसूची १ बमोजिम लाग्ने दस्तूर पहिलानै बुझाएमा देहायका वन्यजन्तुको हकमा देहायबमोजिम संख्यामा शिकार गर्न पूरक शिकार अनुज्ञापत्र पनि दिन सकिनेछ :–

| वन्यजन्तुको नाम | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तुको अधिकतम संख्या |
|---|---|
| (१) नाउर | २ |
| (२) जरायो | २ |
| (३) चितुवा | १ |
| (४) भालू (हिमालयन बियर) | १ |
| (५) भालू (स्थल बियर) | १ |
| (६) थार | १ |
| (७) झारल | १ |
| (८) चित्तल | २ |

१२. पन्छी शिकार अनुज्ञापत्र (लाइसेन्स):– यो अनुज्ञापत्र शिकार खुला समय (सिजन) भरको लागि बहाल रहने गरी नेपाली र विदेशी नागरिकलाई दिन सकिनेछ र त्यस्तो अनुज्ञापत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त गर्ने व्यक्तिले देहायमा लेखिएका पन्छीहरूको हकमा एक दिनमा पाँचमा नबढाई शिकार गर्न पाउनेछ । चाहा र बट्टाईको हकमा एकदिनमा दशवटासम्म शिकार गर्न सकिनेछः-

| पन्छीहरूको नाम | शिकार गर्न पाइने प्रत्येक पन्छीको अधिकतम संख्या |
|---|---|
| (१) मुजूर | ४ |
| (२) कालिज | २ |
| (३) तित्रा | जतिसुकै पनि |
| (४) लुइँचे | " |
| (५) बट्टाई | " |
| (६) पानी हाँस र चखेवा | " |
| (७) परेवा, हलेसो, ढुकुर | " |
| (८) चाहा | " |
| (९) च्याखुरा | " |

१३. शिकार अनुज्ञापत्र (लाइसेन्स) दिने अधिकारीः– (१) जिल्ला शिकार अनुज्ञापत्र बाहेक नियम १०, ११ र १२ बमोजिमको अनुज्ञापत्र प्रमुख वा सो कामको लागि श्री ५ को सरकारले तोकेको कुनै अधिकृतले दिन सक्नेछ ।

(२) कुनै किसिमको शिकार अनुज्ञापत्रको लागि दरखास्त दिने व्यक्तिसंग शिकार गर्न चाहेको वन्यजन्तु वा पन्छीहरू मार्न प्रयोग गरिने हातहतियारको प्रचलित नेपाल कानूनबमोजिम रीतपूर्वकको इजाजतपत्र भएमा मात्र अनुज्ञापत्र दिइनेछ ।

(३) कुनै वर्ष शिकार आरक्षमा मार्न पाउने वन्यजन्तुको वार्षिक भाग (कोटा) प्रमुखले निश्चित गर्नेछ र त्यसरी निश्चित गरेको भाग (कोटा) मा नबढ्ने गरी मात्र शिकार अनुज्ञापत्र दिइनेछ ।

(४) उपनियम (१),(२) र (३)मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वन्यजन्तु पन्छीको उचित संरक्षणको निमित्त आवश्यक परेमा श्री ५ को सरकारले कुनै जिल्ला, शिकार आरक्ष वा अन्य कुनै क्षेत्रमा शिकार गर्न दिने वन्यजन्तु वा पन्छीको संख्या घटाउन वा त्यस्तो अनुज्ञापत्र दिने काम स्थगित गर्न सक्नेछ ।

१४. अनुज्ञापत्र (लाइसेन्स) बेगर शिकारमा मद्दत गर्न नहुनेः– नियम १५ वा १६ बमोजिमको अनुज्ञापत्र (लाइसेन्स)प्राप्त नगरी कुनै पनि व्यक्तिले ज्याला इनाम वा भाडा लिने गरी कुनै व्यक्तिलाई पेशेवार शिकारीको हैसियतले शिकारमा मद्दत गर्न वा शिकारी भई वन्यजन्तु वा पन्छी देखाउन पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. पेशेवार शिकारी अनुज्ञापत्रः– (१) नेपाल अधिराज्यको पहाडी र तराई दुबै क्षेत्रमा लामो अवधिदेखि शिकार र यात्रा अभियान दलहरूको निमित्त आवश्यक सरसामानहरू समेत व्यवस्था गर्नमा अनुभवी तथा ऐन र सो ऐन अन्तर्गत बनेको नियमहरूको जानकारी भएको व्यक्तिलाई प्रमुखले पेशेवार शिकारीको अनुज्ञापत्र दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुज्ञापत्र जारी भएको मितिले एक वर्षसम्म बहाल रहनेछ । यस किसिमको अनुज्ञापत्र लिन चाहने व्यक्तिले दरखास्त दिँदा सम्बन्धित काम गर्न सक्ने क्षमता र आफ्नो आर्थिकस्तर देखिने अन्य प्रमाणहरू पेश गर्नु पर्नेछ ।

(३) प्रमुखले आवश्यक संझेमा उपनियम (१) बमोजिम अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नु पर्ने थप शर्त र बन्देज तोकी दिन सक्नेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आत्मरक्षा वा शिकार अनुज्ञापत्र प्राप्त गर्नेले घाइते बनाएको वन्यजन्तुलाई भाग्नबाट रोक्नको लागि बाहेक अन्य कुनै अवस्थामा पनि कुनै वन्यजन्तुको शिकार गर्न पाउने छैन ।

१६. शिकार गाइड अनुज्ञापत्र (लाइसेन्स):–(१) प्रधान वन कार्यालय भएकोमा सो कार्यालयको प्रमुख र सो नभएको ठाउँमा डि. एफ. ओ. ले देहायको आधारमा कुनै व्यक्तिलाई शिकार गाइडको अनुज्ञापत्र दिन सक्नेछ र त्यसरी शिकार गाइडको अनुज्ञापत्र दिने अधिकारीले त्यस्तो अनुज्ञापत्रको एक प्रति प्रमुख कहाँ पठाउनु पर्छ ।

(क) दरखास्तवाला आफूले काम गर्न चाहेको क्षेत्रभित्रको वन्यजन्तु वा पन्छी शिकारसित परिचित छ भन्ने लागेमा,

(ख) दरखास्तवाला ऐन र सो ऐन अन्तर्गत बनेको नियमहरूको जानकार हुनको साथै गाइडको काम गर्न दक्ष छ भन्ने लागेमा ।

(२) उपनियम (१) बमोजिम शिकार गाइड अनुज्ञापत्र प्राप्त व्यक्तिले अनुज्ञापत्रमा तोकिएको जिल्ला वा जिल्लाहरूमा मात्र शिकारीहरूलाई गाइड गर्ने काम गर्न पाउनेछ ।

(३) प्रमुखले वा श्री ५ को सरकारले सो कामको लागि तोकिदिएको कुनै अधिकृतले आवश्यक देखेमा उपनियम (१) बमोजिम शिकार गाइड अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नु पर्ने थप शर्त र बन्देजहरू तोकिदिन सक्नेछ र यस्तो अनुज्ञापत्र प्राप्त व्यक्तिले आत्मरक्षा र शिकार अनुज्ञापत्र प्राप्त गर्नेले घाइते बनाएको वन्यजन्तुलाई भाग्नबाट रोक्नको लागि बाहेक कुनै अवस्थामा पनि कुनै वन्यजन्तुको शिकार गर्न पाउने छैन ।

१७. एकभन्दा बढी शिकार अनुज्ञापत्र (लाइसेन्स) नदिइनेः– कुनै पनि व्यक्तिलाई एकभन्दा बढी शिकार अनुज्ञापत्र एकै साथ दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर नियम ११ अनुसार पूरक शिकार अनुज्ञापत्र र नियम १२ अनुसार पन्छी शिकार अनुज्ञापत्र लिनलाई यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

१८. अनुज्ञापत्र, वन्यजन्तु, आखेटोपहार वा हातहतियार देखाउन पर्नेः– अनुज्ञापत्र प्राप्त व्यक्तिले शिकार गर्न जाँदा आफूले पाएको अनुज्ञापत्र साथमा राख्नु पर्नेछ र राष्ट्रिय निकुञ्ज शिकार आरक्ष वा अन्य वन कार्यालयका कर्मचारीहरूमध्ये श्री ५ को सरकारले तोकेको दर्जासम्मको कर्मचारीले कुनै व्यक्तिको साथमा रहेको शिकार रजिष्टर, मारिएको वा पक्रिएको वन्यजन्तु वा पन्छी आखेटोपहार वा हातहतियार हेर्न चाहेमा देखाउनु पर्नेछ ।

१९. अनुज्ञापत्र (लाइसेन्स) हस्तान्तरण नहुनेः– अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आफूले प्राप्त गरेको अनुज्ञापत्र कुनै पनि तरीकाबाट कसैलाई हस्तान्तरण गर्न हुँदैन ।

२०. अनुज्ञापत्र (लाइसेन्स) फिर्ता गर्नु पर्नेः– कुनै अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आफूले पाएको अनुज्ञापत्रको म्याद नाघेको पैंतीस दिनभित्र शिकार रजिष्टरको साथै त्यस्तो अनुज्ञापत्र फिर्ता गर्न पर्नेछ । जिल्ला शिकार अनुज्ञापत्र जहाँबाट प्राप्त गरिएको हो सोही ठाउँमा र अन्य किसिमका अनुज्ञापत्र (लाइसेन्स) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय वा जहाँबाट प्राप्त गरिएको हो सोही ठाउँमा फिर्ता गर्नु पर्नेछ ।

२१. शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्र (पर्मिट):– प्रमुखले वा श्री ५ को सरकारले सो कामको लागि तोकेको कुनै अधिकृतले जिल्ला शिकार अनुज्ञापत्र वा सामान्य शिकार अनुज्ञापत्र प्राप्त गरेको व्यक्तिलाई शिकार आरक्षभित्र शिकार गर्न अनुसूची १ बमोजिम-को दस्तूर लिई शिकार आरक्ष इजाजतपत्र दिन सक्नेछ ।

२२. नमूना संकलन गर्न वा वन्यजन्तु र पन्छीहरू पक्रन वा शिकार गर्न इजाजतपत्र लिनु पर्नेः–

(१) वैज्ञानिक अनुसन्धानको लागि कुनै वन्यजन्तु वा पन्छी पक्रन वा शिकार गर्न वा अरू कुनै कीट-किटाणु माछा वा कुनै प्राकृतिक उपज संकलन गर्न चाहने व्यक्तिले प्रमुख समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्ति कुनै मान्यता प्राप्त चिडियाखाना वा वैज्ञानिक अनुसन्धानशालाको अधिकारी भएमा वा त्यस्तो व्यक्तिले देहायबमोजिम गरी पक्रन वा रेखदेख गर्न सक्छ भन्ने विश्वास भएमा ऐनको अनुसूची १ मा उल्लिखित वन्यजन्तु वा पन्छी बाहेक अरूको हकमा अनुसूची २ बमोजिमको दस्तूर लिएर प्रमुखले सम्बन्धित वन्यजन्तु पन्छीको शिकार गर्न वा कीट–किटाणु पक्रन इजाजत-पत्र दिन सक्नेछ ।

(क) दरखास्तवालाले सम्बन्धित वन्यजन्तु पन्छी वा कीट-किटाणु पक्रने वा संकलन गर्ने कार्यको आफै उपस्थित भई वा सो काममा दक्ष प्रतिनिधि पठाई सुपरिक्षण गर्ने भएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सम्बन्धित वन्यजन्तु वा पन्छी पक्रने तरीका मनासिव तथा जरूरत–भन्दा बढी दुःख नदिने किसिमको भएमा,

(ग) पक्रेको वन्यजन्तु वा पन्छीहरूको उचित रेखदेख वा बसार–पसार गर्न सक्ने क्षमता भएमा ।

(३) उपनियम (२) बमोजिम दिइने इजाजतपत्रको म्याद साधारण–तया तीन महीनाको हुनेछ । प्रमुखले मुनासिव देखेमा थप म्याद दिन सक्नेछ र यसरी म्याद थपदा थप शर्त समेत तोक्न सक्नेछ ।

२३. वन्यजन्तु र पन्छी पक्रने दस्तूरः– नियम २२ बमोजिम वन्यजन्तु र पन्छी वा कीट–किटाणु पक्रँदा लाग्ने दस्तूर अनुसूची २ मा उल्लेख भएबमोजिम हुनेछ र त्यस्तो दस्तूर देहायबमो-जिम गरी बुझाउन सकिनेछः–

(क) लाग्ने दस्तूर पूरै वा त्यसको पचास प्रतिशत शुरूमा र पचास प्रतिशतसम्बन्धित वन्यजन्तु वा पन्छीहरू पक्रे पछि बुझाउने गरी प्रमुखले दरखास्तवालासंग असूल उपर गर्न सक्नेछ ।

(ख) कुनै वन्यजन्तु वा पन्छीहरू पक्रने बखतमा वा पक्री सकेपछि मर्न गएमा इजाजतपत्र प्राप्त व्यक्तिले पक्रन पाएको इजाजत-पत्रको संख्यामै गिन्ती हुनेछ र तिनको निमित्त लाग्ने दस्तूर समेत बुझाउनु पर्नेछ ।

(ग) कुनै वन्यजन्तु वा पन्छीहरू पक्रन इजाजतपत्र प्राप्त व्यक्तिले कुनै वन्य जन्तुपक्रन सकेन वा सो पक्रने सिलसिलामा कुनै वन्यजन्तु वा पन्छी मर्न वा घाइते हुन पाएको छैन भन्ने प्रमुख-लाई लागेमा इजाजतपत्र प्राप्त व्यक्तिले बुझाउनु पर्ने दस्तूरको पचहत्तर प्रतिशतसम्म रकम फिर्ता गरिदिनेछ ।

२४. अनुज्ञापत्र र इजाजतपत्रको लागि दिइने दरखास्त, त्यसको ढाँचा र दस्तूरः– (१) यस नियमावलीबमोजिम दिइने अनुज्ञापत्र (लाइसेन्स) र इजाजतपत्र (पर्मिट) को ढाँचा अनुसूची ५, ७, ९, ११ बमोजिमको र तिनीहरू प्राप्त गर्नको लागि दिइने दरखास्तको ढाँचा अनुसूची ३, ४, ६, ८, १० बमोजिमको हुनेछ । शिकार अनुज्ञापत्र र शिकार गाइड अनुज्ञापत्रको निमित्त दरखास्त दिने व्यक्तिले आफ्नो हालसालै खिचेको दुई प्रति फोटो समेत पेश गर्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम अनुज्ञापत्र (लाइसेन्स) वा इजाजतपत्र (पर्मिट) प्राप्त गर्ने व्यक्तिले अनुसूची १ बमोजिम लाग्ने दस्तूर बुझाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. विदेशी नागरिकलाई शिकार अनुज्ञापत्र दिनेबारे:– विदेशी नागरिकलाई कुनै किसिमको शिकार अनुज्ञापत्र दिँदा पेशेवार शिकारी अनुज्ञापत्र प्राप्त व्यक्तिको साथमा मात्र शिकार गर्न जान पाउने गरी शर्त तोक्न सकिनेछ ।

तर कुनै विदेशी नागरिक पेशेवार शिकारीको मद्दत बिना शिकार गर्न सक्ने क्षमता भएको छ र निज ऐन र ऐन अन्तर्गत बनेको नियमहरूसित साधारणतया परिचित छ भन्ने कुरा अनुज्ञापत्र (लाइसेन्स) दिने अधिकारीलाई लागेमा पेशेवार शिकारी साथमा नलिएर पनि शिकार गर्न जान पाउने गरी छुट दिन सक्नेछ ।

२६. अनुज्ञापत्र निलम्बन गर्न सकिने:– यस नियमावली अन्तर्गत प्रदान गरिएको अनुज्ञापत्र वा इजाजतपत्र बखिलाप कसूर भएकोमा त्यस्तो कसूरसम्बन्धी मुद्दाको कारबाई गर्दा सम्बन्धित मुद्दा हेर्ने अधिकारीले श्री ५ को सरकार समक्ष जाहेर गरी निकासा भई नआएसम्म त्यस्तो कसूर गर्ने व्यक्तिले प्राप्त गरेको अनुज्ञापत्र वा इजाजतपत्रलाई निलम्बन गर्ने गरी आदेश दिन सक्नेछ ।

२७. अनुज्ञापत्रको नक्कल दिन सकिने:– प्रमुख वा श्री ५ को सरकारले सो कामको लागि तोकेको कुनै अधिकृतले मनासिब सम्झेमा कुनै अनुज्ञापत्र वा इजाजतपत्र हराएमा वा अरू कुनै प्रकारले नष्ट भएमा अनुसूची १ बमोजिम लाग्ने दस्तूर लिई त्यस्तो अनुज्ञापत्र वा इजाजत-पत्रको प्रतलिपि (डुप्लिकेट) दिन सक्नेछ । यस्तो प्रतिलिपि स्वरूप प्रदान गरिएको अनु-ज्ञापत्र (लाइसेन्स) र इजाजतपत्रको म्याद सक्कल अनुज्ञापत्र वा इजाजतपत्रको बाँकी अवधि-सम्मको लागि मात्र हुनेछ ।

## परिच्छेद – ५

## विविध

२८. शिकार रजिष्टर:– प्रत्येक शिकार अनुज्ञापत्रको साथ एक शिकार रजिष्टर पनि हुनेछ जस्मा अनुज्ञापत्र प्राप्त व्यक्तिले शिकारको सिलसिलामा घाइते गरेको वा मारेको सबै वन्यजन्तु र पन्छीहरूको पूर्ण तथा ठीक–ठीक अभिलख (रेकर्ड) राख्नु पर्नेछ । जन्तु वा पन्छीहरू मारेको बाह्र घण्टाभित्र वा शिकार आरक्ष छाड्नु अगावै नमेटिने पक्का मसीमा प्रत्येक वन्यजन्तु वा पन्छी मारेको ठाउँ, मिति, जात, भाले, पोथी (वन्यजन्तुको लागि मात्र) प्रष्ट बुझ्ने गरी अनुसूची १२ बमोजिमको शिकार रजिष्टरमा लेख्नु पर्छ ।

२९. तोकिएको किसिमको वा संख्याभन्दा बढी वन्यजन्तु मरेमा बुझाउनु पर्ने:– कुनै व्यक्तिले शिकार गर्दा भवितव्यपरी आफूले प्राप्त गरेको अनुज्ञापत्रबमोजिम शिकार गर्न पाउने किसिमभन्दा भिन्दै किसिमको वा शिकार गर्न पाउने संख्याभन्दा बढी संख्यामा कुनै वन्यजन्तु वा पन्छी मर्न गएमा वा घाइते भएमा त्यस्तो घाइते वा मर्न गएको वन्यजन्तु वा पन्छीको संख्या र किसिम आफ्नो शिकार रजिष्टरमा चढाई फेला परेका मृत वन्यजन्तु वा पन्छीलाई नजीकको वन कार्यालयमा बुझाई दिनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

625

३०. आखेटोपहारको निकासी पैठारी वा व्यापार गर्न सिफारिश प्राप्त गर्नु पर्ने:–(१) व्यापारिक उद्देश्यले आखेटोपहारको निकासी पैठारी गर्नको लागि श्री ५ को सरकार वन मन्त्रालयको लिखित सिफारिश प्राप्त गर्नको निमित्त दरखास्त दिँदा आखेटोपहार-सम्बन्धी कानूनी स्वामित्वको निस्सा वा त्यस्तो आखेटोपहार पैठारी गरिने मुलुकको सम्बन्धित कम्पनी, संस्था वा व्यक्तिको नाउँ र सो सम्बन्धमा आदान प्रदान भएको कागजातको नक्कल समेत पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिशको माग गर्ने व्यक्ति व्यापारको लागि आखेटोपहारको निकासी पैठारी गर्न सक्ने देखिएमा अनुसूची १ बमोजिम लाग्ने दस्तूर लिई श्री ५ को सरकार वन मन्त्रालयबाट अनुसूची १३ बमोजिमको सिफारिश पत्र दिइनेछ ।

३१. निकासी पैठारी गर्ने बाटो तोक्न सक्ने:– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको भन्सारको बाटोबाट मात्र आखेटोपहारको निकासी पैठारी गर्न पाउने गरी तोकिदिन सक्नेछ र त्यसरी तोकिएकोमा आखेटोपहार निकासी पैठारी गर्न इजाजत प्राप्त व्यक्तिले सोही भन्सारबाट मात्र आखेटोपहार निकासी पैठारी गर्ने गर्नु पर्छ ।

३२. आखेटोपहारको हस्तान्तरण:– ऐनको दफा १९ बमोजिम कुनै व्यक्तिले आफूसित भएको कुनै आखेटोपहार बिक्री वा सट्टा पट्टा वा अन्य कुनै प्रकारको हक छाडिदिँदा त्यस्तो आखेटोपहारसम्बन्धी स्वामित्वको निस्सा समेत त्यस्तो आखेटोपहार लिने व्यक्तिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

३३. कानूनी स्वामित्वको निस्सा:– (१) प्रमुख वा श्री ५ को सरकारले सो कामको लागि तोकिदिएको अधिकृतले ऐनको दफा १७ वा १८ बमोजिमको निस्सा अनुसूची १४ बमोजिमको ढाँचामा दिनेछ ।

(२) उपनियम (१) बमोजिमको निस्साकोलागि अनुसूची १५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कानूनी स्वामित्वको निस्सा दिने अधिकृतले सबै आखेटोपहारमा आफ्नो कार्यालयको निस्सा लगाई दिनु पर्छ र त्यस्तो छाप वा निस्साको विवरण कानूनी स्वामित्वको निस्सामा समेत उल्लेख गरी दिनु पर्छ ।

३४. घाइते भएको वन्य जन्तु पनि शिकार गर्ने संख्यामा गिन्ती गरिने:– अनुज्ञापत्र प्राप्तगर्ने व्यक्तिले शिकार गर्दा कुनै वन्यजन्तुलाई घाइते तुल्याएमा यथाशीघ्र त्यसलाई पत्ता लगाई मार्नु पर्छ र त्यसरी घाइते भएको वन्यजन्तुको विवरण आफ्नो शिकार रजिष्टरमा चढाउनु पर्छ ।

तर घाइते भएको वन्यजन्तु पत्ता लगाउन नसके पनि अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले शिकार गर्न पाउने वन्यजन्तुमा गिन्ती गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. सूचना गर्नु पर्नेः– (१) कसैले शिकार गर्दा कुनै हिंसक वन्यजन्तुलाई घाइतेसम्म तुल्याई मार्न नसकेमा त्यस्तो वन्यजन्तुको किसिम र अरू कुनै विवरण भए सो सहित खुलाई यथाशीघ्र नजीकको वन कार्यालयलाई सूचना गरी दिनु पर्छ र त्यस्तोमा सम्बन्धित वन कार्यालयले पनि वरपरका सबै गाउँ बजारका बासिन्दालाई सतर्क रहन सूचित गरी दिनुपर्छ ।

(२) ऐनको दफा २१ बमोजिम आफू वा अरू कुनै व्यक्ति वा घर पालुवा कुनै जनावरको बचावटको लागि कसैले हातहतियार प्रयोग गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा त्यसको सूचना बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र राष्ट्रिय निकुञ्ज वा आरक्ष वा वन कार्यालय रहेको जिल्लामा कुनै त्यस्तो कार्यालयको प्रमुखलाई र त्यस्तो कार्यालय नरहेको जिल्लामा प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्छ ।

३६. कुनै वन्यजन्तु वा पन्छीलाई हानिकारक घोषित गर्न सकिनेः– यस नियमावलीमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार वन मन्त्रालयले कुनै खास क्षेत्रमा कुनै खास समयको लागि ऐनको अनुसूची १ मा उल्लिखित वन्यजन्तु वा पन्छी बाहेक अन्य कुनै वन्यजन्तु वा पन्छीहरूलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कृषिको निमित्त हानिकारक घोषित गर्न सक्नेछ र त्यसरी हानिकारक घोषित गरिएका वन्यजन्तु वा पन्छीलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधीनमा रही खेत, खला, बारीमा बिना अनुज्ञापत्र पनि धपाउन, लखेट्न पक्रन वा मार्न सकिने छ ।

३७. अनुसूचीमा संशोधन गर्न सकिनेः– श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

३८. मुद्दा हेर्ने अधिकारीहरूः– (१) देहायका कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकारी सहायक संरक्षक (असिष्टेण्ट वार्डेन) रहेकोमा निजलाई र निज नरहेकोमा रेञ्जरलाई हुनेछः–

(क) बिना इजाजत राष्ट्रिय निकुञ्ज वा आरक्षमा प्रवेश गरेमा,

(ख) मारिएको, समातिएको वा घाइते तुल्याएको वन्यजन्तु वा पन्छीहरूलाई शिकार रजिष्टरमा नचढाएमा,

(ग) अनुज्ञापत्र (लाइसेन्स) साथमा नराखी शिकार गरेमा,

(घ) क्याम्प गर्न तोकिएको ठाउँभन्दा अन्यत्र क्याम्प खडा गरेमा,

(ङ) शिकार अनुज्ञापत्रमा तोकिएको कुनै शर्त उल्लङ्घन गरेमा,

(च) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्रको रु. १००।– सम्म मोल पर्ने रूख, बिरुवा वा अन्य कुनै वन पैदावार काटेमा वा ढालेमा वा अन्य प्रकारले क्षति ग्रस्त गरेमा ।

(२) देहायका कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार संरक्षक (वार्डेन) रहेकोमा निजलाई र निज नरहेकोमा डि. एफ. ओ. लाई हुनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नियम ५ वा ६ को बर्खिलाप शिकार गरेमा,

(ख) नियम ७ को बर्खिलाप हातहतियार वा खरखजाना प्रयोग गरी शिकार गरेमा,

(ग) अनुज्ञापत्र प्राप्त नगरी शिकार गरेमा,

(घ) शिकार गर्न तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा शिकार गरेमा,

(ङ) अनुज्ञापत्र प्राप्त नगरी शिकार गाइडको काम गरेमा वा अनुज्ञापत्र प्राप्त गरेकोमा सो अन्तर्गत तोकिएको शर्त पालन नगरेमा,

(च) भवितव्यले मरेको वा घाइते भएकोमा बाहेक अनुज्ञापत्रमा तोकिएको वन्यजन्तु वा पन्छीहरूको किसिमभन्दा अर्कै किसिमको वा तोकिएको संख्याभन्दा बढी संख्यामा वन्यजन्तु वा पन्छी मारेमा वा पक्रेमा,

(छ) शिकार रजिष्टर, मारिएका वा पक्रिएका वन्यजन्तु, पन्छी वा आखेटोपहार अधिकार प्राप्त कर्मचारीलाई नदेखाएमा,

(ज) नियम १९ को बर्खिलाप अनुज्ञापत्र हस्तान्तरण गरेमा,

(झ) नियम २० बमोजिमको म्यादभित्र अनुज्ञापत्र र शिकार रजिष्टर फिर्ता नगरेमा,

(ञ) बिना इजाजतपत्र शिकार आरक्षमा शिकार गरेमा,

(ट) इजाजतपत्र प्राप्त नगरी राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कुनै कीट-किटाणु वा अन्य प्राकृतिक उपज संकलन गरेमा,

(ठ) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्रको रु. १००।– देखि माथि रु. ५००।– सम्म मोल पर्ने रूख, बिरुवा वा अन्य कुनै वन पैदावार काटेमा वा ढालेमा वा अन्य प्रकारले क्षतिग्रस्त गरेमा,

(ड) नियम ३५ बमोजिम सूचना नगरेमा ।

(३) उपनियम (१) र (२) मा उल्लेख भएकोमा बाहेक ऐन र यस नियमावली अन्तर्गतका अन्य कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार सम्बन्धित क्षेत्रको कंजरभेटरलाई हुनेछ ।

(४) कुनै वन कार्यालय वा राष्ट्रिय निकुञ्ज वा आरक्ष कार्यालयको अधिकार क्षेत्रभित्र नपर्ने क्षेत्रको हकमा उपनियम (१), (२) र (३) मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

३९. खारेजी:– शिकार नियमावली, २०२६ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– १
(नियम ११ र २४ संग सम्बन्धित)

दस्तूर

| अनुज्ञापत्र । इजाजतपत्रको नाम | नेपाली नागरिक | बिदेशी नागरिक |
|---|---|---|
| (१) जिल्ला शिकार अनुज्ञापत्र | रू. १००।– | |
| (२) सामान्य शिकार अनुज्ञापत्र | रू. २००।– | रू. १०००।– |
| (३) पूरक शिकार अनुज्ञापत्र — प्रति वन्य जन्तुको मोल | | |
| (क) नाउर | रू. १००।– | रू. ४००।– |
| (ख) जरायो | रू. १५०।– | रू. ६००।– |
| (ग) चितुवा | रू. २५०।– | रू. १०००।– |
| (घ) भालु (सबै जातको) | रू. १००।– | रू. ४००।– |
| (ङ) थार | रू. ५०।– | रू. २००।– |
| (च) झारल | रू. ५०।– | रू. २००।– |
| (छ) चित्तल | रू. ५०।– | रू. २००।– |
| (४) पन्छी शिकार अनुज्ञापत्र | रू. ५०।– | रू. ५००।– |
| (५) पेशेवार शिकारी अनुज्ञापत्र | रू. २५०।– | रू. २५००।– |
| (६) शिकार गाइड अनुज्ञापत्र | रू. २५।– | |
| (७) शिकार आरक्ष इजाजतपत्र (शिकार ब्लक रिजर्भ गर्न प्रति व्यक्ति प्रति हप्ता लाग्ने) शिकार ब्लक क | रू. ४००।– | |
| " ख | रू. २००।– | |
| " ग | रू. १००।– | |

द्रष्टव्यः–

(एक समयमा एक ब्लकमा दुईभन्दा बढी व्यक्तिलाई शिकार गर्न दिइने छैन)

| | | |
|---|---|---|
| (८) आखेटोपहार राख्ने निस्सा बापत | रू. ५।– | रू. ५।– |
| (९) अनुज्ञापत्र । इजाजतपत्रको नक्कल बापत | रू. ५।– | रू. ५।– |
| (१०) व्यापारिक उद्देश्यले आखेटोपहारको निकासी पैठारीको लागि दिएको सिफारिश बापत | रू. २००।– | रू. २०००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- २
(नियम २२ संग सम्बन्धित)

वन्यजन्तु वा पन्छी पक्रने तथा वैज्ञानिक नमूना संकलन गर्ने इजाजतपत्र बापतको

दस्तूर

| क. स्तनधारी वन्यजन्तु | पक्रने दस्तूर | वैज्ञानिक अनुसन्धानको लागि संकलन दस्तूर |
|---|---|---|
| १. चितुवा | रू. १०००।– | रू. ५००।– |
| २. सुनौला वन बिरालो | रू. ५००।– | रू. २५०।– |
| ३. चितुवा बिरालो (लियोपार्ड क्याट) | रू. २००।– | रू. १००।– |
| ४. वन बिरालो | रू. ५०।– | रू. २५।– |
| ५. लिंक्स बिरालो | रू. २००।– | रू. १००।– |
| ६. ब्वाँसो | रू. ४००।– | रू. २००।– |
| ७. लगड वधुवा (हाइना) | रू. २००।– | रू. १००।– |
| ८. श्याल | रू. २०।– | रू. १०।– |
| ९. वन कुकुर | रू. २००।– | रू. १००।– |
| १०. भालु (हिमालय बियर) | रू. ६००।– | रू. ३००।– |
| ११. भालु (स्थल बियर) | रू. ४००।– | रू. २००।– |
| १२. जरायो | रू. ६००।– | रू. ३००।– |
| १३. चित्तल | रू. २००।– | रू. १००।– |
| १४. रातो मृग (राते) | रू. २००।– | रू. १००।– |
| १५. लगुना | रू. २००।– | रू. १००।– |
| १६. नाउर | रू. ४००।– | रू. २००।– |
| १७. झारल | रू. २००।– | रू. १००।– |
| १८. थार | रू. २००।– | रू. १००।– |
| १९. घोरल | रू. २००।– | रू. १००।– |
| २०. घोडगदहा | रू. ४००।– | रू. २००।– |
| २१. जंगली बँदेल | रू. १००।– | रू. ५०।– |
| २२. रतेल | रू. १००।– | रू. ५०।– |
| २३. ओत (ओटर) | रू. ५०।– | रू. २५।– |
| २४. हिमाली मारमोट | रू. ५०। | रू. २५।– |
| २५. भालु बिरालो (बिनटुरोग) | रू. १००।– | रू. ५०।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| २६. सिमेट बिरालो | रु. | ५०।- | रु. | २५।- |
| २७. ताडि बिरालो (परमसिमेट) | रु. | २०।- | रु. | १०।- |
| २८. न्याउरी मूसा | रु. | २०।- | रु. | १०।- |
| २९. बिजेल | रु. | २०।- | रु. | १०।- |
| ३०. हेजहग | रु. | ५०।- | रु. | २५।- |
| ३१. फरेष्ट बेजर | रु. | ५०।- | रु. | २५।- |
| ३२. चमेरो, छुचुन्द्रो, तप्ला | रु. | १०।- | रु. | ५।- |
| ३३. उड्ने लोखर्के (फ्लाइङ्ग स्कीरेल) | रु. | ५०।- | रु. | २५।- |
| ३४. ठूलो लोखर्के (ज्यायन्ट स्कीरेल) | रु. | ५०।- | रु. | २५।- |
| ३५. अन्य लोखर्के | रु. | २०।- | रु. | १०।- |
| ३६. दुम्सी | रु. | ५०।- | रु. | २५।- |
| ३७. मूसा र अन्य मूसा जाति | रु. | २।- | रु. | १।- |
| ३८. खरायो | रु. | २०।- | रु. | १०।- |
| ३९. मूसे खरायो | रु. | २०।- | रु. | १०।- |
| ४०. रातो बाँदर | रु. | ५०।- | रु. | २५।- |
| ४१. ढेडू बाँदर (लङ्गूर) | रु. | ५०।- | रु. | २५।- |
| **ख. पन्छीहरु** | | | | |
| १. कौवा, कालो कौवा, सुनौला चुच्चे कौवा, लाम पुच्छे र नीलकण्ठ (ठेवा) | रु. | १०।- | रु. | ५।- |
| २. बीइटर्स र माटीकोरे | रु. | १०।- | रु. | ५।- |
| ३. धनेश | रु. | १०।- | रु. | ५।- |
| ४. सुगा | रु. | ४।- | रु. | २।- |
| ५. चील, गिद्ध, ठूलो बाज र ठूलो शिकारी पन्छी | रु. | ५०।- | रु. | २५।- |
| ६. सानो बाज र सानो शिकारी पन्छी | रु. | २०।- | रु. | १०।- |
| ७. ठूलो लाटो कोसेरो, माछा मार्ने लाटो कोसेरो | रु. | ५०।- | रु. | २५।- |
| ८. अन्य लाटो कोसेरो | रु. | २०।- | रु. | १०।- |
| ९. परेवा, मलेवा, ढुकुर | रु. | १०।- | रु. | ५।- |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १०. चिलिमे कालिज | रू. | ५०।– | रू. | २५।– |
| ११. कोक्लास | रू. | ५०।– | रू. | २५।– |
| १२. चिरकालिज | रू. | ५०।– | रू. | २५।– |
| १३. कालिज | रू. | ३०।– | रू. | १५।– |
| १४. लुइँचे | रू. | २०।– | रू. | १०।– |
| १५. तित्रा, बट्टाई, क्याखुरा | रू. | १०।– | रू. | ५।– |
| १६. मैना, जुरेली, ग्रैक्लस, तोरी चरा | रू. | १०।– | रू. | ५। |
| १७. रानी चरी, कुथुर्के, बुङ्गे चरा, फ्लावर पेकर्स | रू. | १०।– | रू. | ५।– |
| १८. काठफोडवा, कोइली, कुक्कु | रू. | १०।– | रू. | ५।– |
| १९. सारस, काराङकुरङ, गरुड सारस | रू. | १००।– | रू. | ५०।– |
| २०. ठूलो हाँस | रू. | ५०।– | रू. | २५।– |
| २१. हाँस, चखेवा | रू. | २०।– | रू. | १०।– |
| २२. अन्य पन्छीहरू | रू. | ४।– | रू. | २।– |
| **ग. रेप्टाइल्स (घस्रिने जन्तु)** | | | | |
| २३. मगर गोही | रू. | ४००।– | रू. | २००।– |
| २४. घरिभाल गोही | रू. | ४००।– | रू. | २००।– |
| २५. कछुवा | रू. | २०।– | रू. | १०।– |
| २६. सुन गोहोरो | रू. | ५०।– | रू. | २५।– |
| २७. छेपारो | रू. | १०।– | रू. | ५।– |
| २८. अजिङ्गर | रू. | ३००।– | रू. | १५०।– |
| २९. अन्य सर्प जाति | रू. | २०।– | रू. | १०।– |
| **घ. माछा** | | | | |
| ३०. ६ ईञ्च र त्यसभन्दा लामो | | + | रू. | २।– |
| ६ ईञ्चभन्दा छोटो | | + | रू. | १।५० |
| **ङ. कीराहरू** | | | | |
| ३१. पुतली | | + | रू. | १।५० |
| ३२. अरू कीरा प्रति शय थान | | + | रू. | १।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ३
(नियम २४ संग सम्बन्धित)

जिल्ला शिकार अनुज्ञापत्रको दरखास्त फाराम

श्री .. ... ... ... ........

................. कार्यालय ........... जिल्ला ..........अञ्चल

१. ................. जिल्लाको ...... ब्लक ....... मा शिकार गर्नको लागि जिल्ला शिकार अनुज्ञापत्र पाउँ ।

विवरण

२. शिकार गर्न चाहेको बन्यजन्तु तथा पन्छीहरूको नाम र संख्या

| नाम | | संख्या |
|---|---|---|
| (क) | ................. | .............. |
| (ख) | ................. | .............. |
| (ग) | ................. | .............. |
| (घ) | ................. | .............. |
| (ङ) | ................. | .............. |

३. शिकार गर्दा प्रयोग गर्ने हात हतियारको विवरण

(क) हातहतियारको किसिम बोर र कम्पनी ........................
........................................

(ख) हात हतियारको इजाजतपत्र (लाइसेन्स) दिने कार्यालयको नाम ...........

(ग) इजाजतपत्र (लाइसेन्स) को. नं. ........................

दरखास्त गर्ने व्यक्तिको सही ...........
नाम, थर....................
ठेगाना (स्थायी)................
मितिः– .................... अस्थायी ..............
नागरिकता ...................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ४
(नियम २४ संग सम्बन्धित)

### शिकार अनुज्ञापत्र (लाइसेन्स) दरखास्त फाराम

श्री............

.............कार्यालय

१. ........जिल्ला । अञ्चल । वन कार्यालय । शिकार आरक्ष अन्तर्गतको क्षेत्र । ब्लकमा शिकार गर्नको लागि....शिकार अनुज्ञापत्र (लाइसेन्स) पाउँ ।

विवरण

२. शिकार गर्न चाहेको वन्यजन्तुको नाम र संख्या (पूरक शिकार अनुज्ञापत्रको निमित्त)

| वन्यजन्तुको नाम | शिकार गर्न चाहेको संख्या |
|---|---|
| (क) | |
| (ख) | |
| (ग) | |

३. हात हतियारको विवरण

(क) हातहतियारको किसिम, बोर, कम्पनी......................

(ख) हातहतियारको इजाजतपत्र (लाइसेन्स) नं........दिने कार्यलय........

४. शिकार क्षेत्रमा लगिने हात्ती, घोडा, खच्चर, गधा, बैल गाडा, मोटर तथा अन्यसवारीको संख्या र नम्बर........

५. क्याम्प बनाउन चाहेको स्थान............

६. योभन्दा अगाडि मिति........मा कार्यालयबाट........नम्बरको........ अनुज्ञापत्र (लाइसेन्स) प्राप्त गरेको छु । थिएँ ।

मितिः—

दरखास्त गर्ने व्यक्तिको सही....

नाम, थर...............

नागरिकता........

ठेगानाः—

स्थायी...........

अस्थायी............

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६६८

अनुसूची ५

(नियम २४ संग सम्बन्धित)

श्री ५ को सरकार

## वन मन्त्रालय

.........कार्यालय

### शिकार अनुज्ञापत्र

१. अनुज्ञापत्र (लाइसेन्स) नं......

२. अनुज्ञापत्र (लाइसेन्स) को किसिम......

३. (क) अनुज्ञा पत्र (लाइसेन्स) प्राप्त गर्ने व्यक्तिको नाम, थर

ठेगाना–स्थायी........

अस्थायी........

(ग) नागरिकता........

| अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको फोटो |
|---|

| ४. | मार्न सकिने वन्यजन्तु र पन्छीका नाम | संख्या | कैफियत |
|---|---|---|---|
| | १. | | |
| | २. | | |
| | ३. | | |

५. अनुज्ञापत्र (लाइसेन्स) बहाल रहने अवधि......देखि ........सम्म

६. शिकार गरिने क्षेत्र..............ब्लक............

७. हातहतियारको किसिम, बोर र कम्पनी........इजाजतपत्र (लाइसेन्स) नं.....

८. शिकार गर्दा प्रयोग गरिने सवारीको किसिम संख्या............

नम्बर (सवारीको)..........

९. साथमा जाने व्यक्तिको नाम वा संख्या..........

(क)

(ख)

१०. अनुज्ञापत्र (लाइसेन्स) बापत प्राप्त भएको दस्तूर........

११. वन्यजन्तु बापत प्राप्त भएको दस्तूर (पूरक शिकार अनुज्ञापत्रको लागि) ..........

अनुज्ञापत्र पाउने व्यक्तिको सही.........

मिति..............

अनुज्ञापत्र दिने अधिकारीको सही

.............

नाम............

दर्जा........

मिति.............

द्रष्टव्य:–

अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले ऐन र राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण नियमावली, २०३० को अधीनमा रही शिकार गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ६

(नियम १५ र १६ संग सम्बन्धित)

पेशेवार शिकारी । शिकारी गाईड अनुज्ञापत्रको दरखास्त फाराम

श्री.................

............कार्यालय............

जिल्ला........अञ्चल........

विषयः– पेशेवार शिकारी । शिकारी गाईड अनुज्ञापत्र सम्बन्धमा ।

उपरोक्त किसिमको अनुज्ञापत्रको निमित्त देहायको व्यहोरा खुलाई अनुरोध गर्दछु ।

विवरण

(पेशेवार शिकारीको निमित्त मात्र)

(१) अनुभव.........................
(२) कार्य सम्बन्धित क्षमताको प्रमाण.........................
(३) आर्थिक स्रोत देखिने प्रमाण.........................

(शिकार गाईडको निमित्त मात्र)

(१) काम गर्न खोजेको क्षेत्र.............
(२) गाईडको काम गर्न सक्ने क्षमता सम्बन्धित प्रमाण––––––––––––

दरखास्त गर्ने व्यक्तिको सही

............

नाम, थर............

ठेगाना । स्थायी.........

अस्थायी........

मितिः–

नागरिकता............

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ८

(नियम २४ संग सम्बन्धित)

## शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्रको दरखास्त फाराम

श्री..................

..................कार्यालय..................

जिल्ला............अञ्चल...........

विषय:– शिकार आरक्षमा शिकार गर्ने शिकार आरक्ष इजाजतपत्र सम्बन्धमा

.............शिकार आरक्षको ब्लक । क्षेत्र..................मा शिकार गर्न शिकार आरक्ष इजाजतपत्र (पर्मिट) पाउँ ।

अन्य विवरण

(क) शिकार अनुज्ञापत्रको किसिम........

(ख) " अनुज्ञापत्र प्रदान गर्ने कार्यालय........

(ग) " अनुज्ञापत्रको नं.............

(घ) " अनुज्ञापत्र बहाल रहने अवधि......देखि......सम्म

शिकार गर्न चाहेको वन्यजन्तु र पन्छीको किसिम संख्या

(क) वन्यजन्तु.............

(ख) पन्छी..............

दरखास्त गर्ने व्यक्तिको सही

.....................

नाम, थर ..............

ठेगाना। स्थायी ............

अस्थायी..........

मिति............ नागरिकता............

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ९
(नियम २१ संग सम्बन्धित)

श्री ५ को सरकार
## वन मन्त्रालय
.........कार्यालय
शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्र

इजाजतपत्र नं.......

यो शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्र......मितिमा........बाट प्राप्त.........नं. को......शिकार अनुज्ञापत्र पाउने........बस्ने........लाई........शिकार आरक्षको......ब्लकमा........देखि........मिति–सम्म निम्न लेखिएको किसिम र संख्याको वन्य जन्तु वा पन्छीहरू शिकार गर्न प्रदान गरिएको छ

| वन्य जन्तु वा पन्छीहरूको किसिम | संख्या |
|---|---|
| (क) | |
| (ख) | |
| (ग) | |

इजाजतपत्र प्राप्त गर्ने व्यक्तिको सही.............
मिति............

इजाजतपत्र दिने अधिकृतको सही
..................
नाम................
दर्जा................
मिति............

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १०
(नियम २२ संग सम्बन्धित)

### वैज्ञानिक नमूनाहरू संकलन गर्न वा वन्य जन्तु वा पन्छी पक्रने इजाजतपत्रको निमित्त
### दरखास्त फाराम

श्री............
............

बन्य जन्तु वा पन्छी पक्रन वा शिकार गर्ने । कीट–किटाणु, माछा वा कुनै प्राकृतिक उपज संकलन गर्ने इजाजतपत्रको निमित्त तल लेखिएको व्यहोरा खुलाई दरखास्त गर्न आएको छु ।

१. दरखास्तवालाको पूरा नाम, थर................
२. ठेगाना:– (क) स्थायी......
(ख) अस्थायी......

३. नागरिकता......
४. वन्यजन्तु,पन्छी, कीट–किटाणु वा प्राकृतिक उपज पक्रन शिकार गर्ने वा संकलन गर्नु परेको कारण........................
५. बन्यजन्तु, पन्छी, कीट–किटाणु, माछा वा प्राकृतिक उपज कुनै मान्यता प्राप्त चिडियाखाना वा बैज्ञानिक संस्थाको निमित्त पक्रने वा संकलन गर्ने भए त्यस्को नाम, ठेगाना.........
६. पक्रने, संकलन गर्ने आदिको उद्देश्य............
७. बन्य जन्तु वा पन्छी पक्रने सम्बन्धमा प्राप्त गरेको अनुभवको छोटकरी विवरण.........
८. पक्रन,शिकार गर्न वा संकलन गर्न बाहेको बन्य जन्तु, पन्छी, कीट–किटाणु वा अन्य प्राकृतिक उपजको विवरण:–

| जात वा किसिम | संख्या वा परिमाण | शिकार गर्ने ठाउँ वा क्षेत्र | पक्रन | संकलन गर्न बाहेको |
|---|---|---|---|---|
| | | | | |

दरखास्त गर्ने व्यक्तिको सही

मिति:– .................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ११
(नियम २४ संग सम्बन्धित)

श्री ५ को सरकार
## वन मन्त्रालय
.............कार्यालय......
वैज्ञानिक नमूनाहरू संकलन गर्ने । वन्य जन्तु पक्रने इजाजतपत्र

इजाजतपत्र नं............

यो इजाजतपत्र....................बस्ने.......लाई निम्न लेखिए-बमोजिम किसिम संख्या वा परिमाणमा तल लेखिएको ठाउँबाट शिकार गर्न । पक्रन । संकलन गर्न प्रदान गरिएको छ ।

पन्छी । कीट–किटाणु । माछा । प्राकृतिक उपजको विस्तृत
विवरण

| जात वा किसिम | संख्या वा परिमाण | शिकार गर्ने ठाउँ वा क्षेत्र | पक्रने | संकलन गर्न पाउने |
|---|---|---|---|---|
| | | | | |

यो इजाजतपत्र......मिति । अवधिसम्मको लागि प्रदान गरिएको छ ।

शर्तहरू (कुनै भए) :–............

इजाजतपत्र प्राप्त गर्ने व्यक्तिको सही
.......................
मिति............

इजाजतपत्र दिने अधिकृतको सही
.......................
नाम...............
दर्जा.................
मिति............

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १२
(नियम २८ संग सम्बन्धित)
शिकार रजिष्टर

| मिति | शिकारगरेको स्थान | वन्य जन्तु वा पन्छीको नाम र किसिम | | भाले | पोथी | निरीक्षण गर्ने कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | मारेको | घाइते भएको | | | | |
| | | | | | | | |

म..........बस्ने............ले माथि उल्लिखित किसिम र संख्याको वन्यजन्तु वा पन्छीहरु शिकार गरेको ठीक साँचो छ । नियम २८ अनुसार यो शिकार रजिष्टर भरी पेश गरेको छु झुट्ठा ठहरे ऐनबमोजिम सजाय सहुँला ।

शिकार गर्ने व्यक्तिको सही..............
शिकार अनुज्ञापत्रको विवरण ............
अनुज्ञापत्रको किसिम र नं...............
अनुज्ञापत्र प्रदान गर्ने कार्यालय............
मिति.............
अनुज्ञापत्र बहाल रहने अवधि.............

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १३
(नियम ३० संग सम्बन्धित)

श्री ५ को सरकार
वन मन्त्रालय

## आखेटोपहार निकासी पैठारी व्यापार गर्नको लागि गरिएको सिफारिश पत्र

सिफारिश पत्र पाउनेको नाम, थर ....... सि. नं. ....

ठेगाना:— (क) स्थायी (ख) अस्थायी

उपरोक्त व्यक्ति आखेटोपहारको निकासी पैठारी व्यापार गर्न सक्षम देखिएकोले यो सिफारिश पत्र दिइएको छ ।

सिफारिश पत्र बुझि लिनेको सही .....

मिति .....

सिफारिश गर्ने अधिकृतको सही
................
नाम .............
दर्जा .............
मिति .............

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १४
(नियम ३३ को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार
## वन मन्त्रालय

............ कार्यालय.........

कानूनी स्वामित्वको निस्सा

सि. नं.

यो कानूनी स्वामित्वको निस्सा ..... बस्ने ..... लाई ............. कार्यालयबाट प्राप्त गरेको अनुज्ञापत्र नं. ..... बमोजिम शिकार गरी प्राप्त गरेको वा आफ्नो साथमा रहेको देहायको विवरणको आखेटोपहार राख्न पाउने गरी यो निस्सा प्रदान गरिएको छ।

| आखेटोपहारको छोटकरी विवरण | आखेटोपहारको किसिम | संख्या वा परिमाण | निस्साको नमूना |
|---|---|---|---|
| | | | |

निस्सा बुझी लिनेको सही ................

मिति ........

निस्सा प्रदान गर्ने अधिकारीको सही...

नाम ........

दर्जा ........

मिति ........

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १५
(नियम ३३ को उपनियम (२) संग सम्बन्धित)

कानूनी स्वामित्वको निस्साको लागि दरखास्त फाराम

श्री ......

........कार्यालय............

जिल्ला............अञ्चल........

बिषयः– कानूनी स्वामित्वको निस्सापत्र सम्बन्धमा ।

........कार्यालयको मिति............को पत्र............

१. अनुज्ञापत्र (लाइसेन्स) नं. । इजाजतपत्र (पर्मिट) नं...... बाट प्राप्त देहायमा लेखिएको विवरणको वन्य जन्तु । पन्छीहरू । आखेटोपहार राख्न निस्सा पाउँ ।

२. ऐनको दफा १८ बमोजिम मेरो साथमा भएको निम्न लेखिएबमोजिम आखेटोपहार राख्ने निस्सापत्र पाउँ ।

विवरण

| आखेटोपहारको किसिम | संख्या | प्राप्त गरेको मिति वा परिमाण तरिका | कैफयत |
|---|---|---|---|
| | | | |

मिति............

दरखास्त गर्नेको सही.......

नाम...............

ठेगानाः– स्थायी........

अस्थायी........

नागरिकता...........

आज्ञाले–

धीरबहादुर रायमाझी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ७
(नियम १५ र १६ संग सम्बन्धित)

श्री ५ को सरकार

## वन मन्त्रालय

...........कार्यालय

पेशेवार शिकारी । शिकारी गाईड अनुज्ञापत्र

अनुज्ञापत्र प्राप्त व्यक्तिको
फोटो

अनुज्ञापत्र नं......

यो पेशेवार शिकारी । शिकार गाईडको अनुज्ञापत्र...... बस्ने......लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० अनुसार पेशेवार शिकारी ।

शिकार गाईडको काम......जिल्ला । क्षेत्रमा गर्न पाउने गरी प्रदान गरिएको छ ।

अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको सही

....................

मिति....................

अनुज्ञापत्र दिने अधिकृतको सही

....................

नाम...............

दर्जा...............

मिति...............

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८७